# तारखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## अर्गल, बागलुङ

प.स. ०८२/०८३

च.न.

गण्डकी प्रदेश नेपाल।

**निकासी कर सङ्कलन सम्बन्धी बोलपत्र आवहानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/३२ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ. (६) तारखोला गाउँपालिकाको आर्थिक ऐन २०८३ बमोजिम आ.व. २०८३/०८४ को लागि तोकेको दररेटको आधारमा वार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहाने फर्म वा कम्पनीहरुले निम्न बमोजिमका शर्तको अधिनमा रही आफ्नो फर्म नवीकरण गरेको प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र तथा आर्थिक वर्ष २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गरी बोलपत्र कागजात राजश्व शाखाबाट खरिद गरी (वा कार्यालयको वेभसाईटबाट डाउनलोड गरी बैंकमा राजश्व बुझाएर) रीतपूर्वक प्रस्ताव पेश गर्नुहुन बोलपत्र आव्हान गरिएको छ ।

| निकासी आय ठेक्का नं. | कामको विवरण | न्यूनतम बोल रकम रु. (मू.अ.कर र अ.आ. कर बाहेक) रु. | प्रस्ताव फाराम दस्तुर रु. | बैंक जमानत | प्रस्ताव खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| ०२/०८२/०८३ | गाउँपालिका क्षेत्रबाट अन्य स्थानमा निकासी हुने वस्तुहरुको निकासी कर | २८,३२,५००/- | ३,०००/- | कबोल रकमको ५% | २०८३/०४/२० गते सम्म |

**बोलपत्र सम्बन्धी शर्तहरु:**

१. बोलपत्र फाराम सूचना प्रकाशन भएको मितिले २१ दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी वा प्रभु बैंक तारखोला शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. १६७०१०९८५१०००००६३ मा रकम जम्मा गरेको भौचर पेश गरी कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ। खरिद भएको बोलपत्र २०८३/०४/२१ गते दिनको १२ बजे सम्म यस कार्यालयमा दर्ता गर्नु पर्नेछ। शिलबन्दी गरी रितपूर्वक दर्ता हुन आएका बोलपत्र सोही दिनको २ बजे यस कार्यालयमा खोलिनेछ।

२. बोलपत्र पेश गर्दा कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग लेखी कबोल अङ्कको कम्तीमा ५% ले हुन आउने धरौटी रकम यस कार्यालयको प्रभु बैंक, तारखोला शाखामा रहेको धरौटी खाता नं. १६७०१०९८५१०००००२३ मा जम्मा गरेको सक्कल बैंक भौचर सङ्लग्न गर्नु पर्नेछ ।

३. यस पूर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नगरेको व्यक्ति, फर्म वा कम्पनीबाट पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन तर बोलपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्ने छैन।

४. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको बोलपत्र माथी कुनै कारबाही हुने छैन।

५. कर अशुल गर्दा गाउँपालिकाले तोकेको दररेटमा मात्र अशुली गर्नुपर्ने छ।

६. सम्झौताको लागि छनौट हुने बोलपत्रदाताले कबोल रकमको २०% रकम सम्झौता गर्दाको समयमा, ४०% रकम २०८३ पुस मसान्त सम्म र बाँकी ४०% रकम २०८४ असार २० गते सम्ममा दाखिला गर्नु पर्नेछ। सम्झौताको अवधि २०८४ असार मसान्त सम्मको हुनेछ।

७. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

२०८३/०३/३२

बिमल रिजाल

प्रमुख प्रशासकीय अधिकृत

Website: - www.tarakholamun.gov.np Email id: - ito.tarakholamun@gmail.com

"श्रम सहकारी, पर्यटन, कृषि उद्योग र पूर्वाधार,
गुणस्तरीय स्वास्थ्य र शिक्षा एक घर एक रोजगार"

# ताराखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## अर्गल, बागलुङ

गण्डकी प्रदेश नेपाल।

प.स. ०८२/०८३

च.न.

निकासी कर संकलन सम्बन्धी शिलबन्दी बोलपत्र फाराम

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
तराखोला गाउँपालिका
अर्गल, बागलुङ ।

यस गाउँपालिकाको मिति २०८३/०३/२५ मा प्रकाशित निकासी कर संकलन सम्बन्धी शिलबन्दी बोलपत्र आवहानको सूचना (निकासी ठेक्का नं. ०२/०८२/०८३) अनुसार गाउँपालिकाले तोकेको शर्तको अधिनमा गरी आफूमा कबुल गरेको रकम तपशिल बमोजिम गरेको छु ।

तपसिल

| क्र.सं. | निकासी ठेक्का नं. | विवरण | कबोल गरेको रकम | |
|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा |
| १ | ०२/०८२/०८३ | गाउँपालिका क्षेत्रबाट अन्य स्थानमा निकासा गरिने वस्तुहरुमा लाग्ने निकासी कर | | |

बोलपत्रदाताको दस्तखत:

बोलपत्रदाताको नामथर:

ठेगाना:

छाप:

२०८२/०३/३२

बिमल रिजाल
प्रमुख प्रशासकीय अधिकृत